# शिक्षामा पहुँच

(संख्या १, वैशाख-कार्तिक, २०६७)



गरीब, विपन्न तथा जोखिममा परेका बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रम

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**

# नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) सन् १९८९ मा स्थापना भएको एउटा गैरनाफामूखी गैरसरकारी संस्था हो । यस संस्थाका कार्यक्रमहरू गरिबी निवारण, जन-सशक्तिकरण, सामाजिक रुपान्तरण, द्वन्द्व व्यवस्थापन लगायत मानवअधिकार तथा शान्ति स्थापनामा केन्द्रित रहेका छन् । यसले सहजीकरण, सामाजिक परिचालन तथा स्वसंगठनका प्रक्रियाबाट विपन्न वर्गहरू, खासगरी दलित, जनजाति, महिला, किसान तथा बालबालिका र अन्य जोखिममा परेका समुदायहरूसँग काम गर्दै आइरहेको छ । आरआरएनले आफ्ना विकास-निर्माणका कार्यक्रमहरूलाई जनताको मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने दृष्टिकोणबाट संचालन गर्ने गरेको छ । यसको अर्थ, जनताका अधिकारहरूको सम्मान गर्दै उनीहरूलाई सशक्तिकरण गर्न आफ्ना कार्ययोजना, कार्यप्रणाली र प्राथमिकताहरूलाई समयानुकूल प्रगतिशील परिवर्तन गर्नु हो । तसर्थ, जनताका आर्थिक, सामाजिक, सांस्कृतिक तथा विकासका अधिकार लगायत अन्य आधारभूत मानवअधिकारलाई आरआरएनले आफ्ना सबै तहका कार्यक्रम, नीति तथा योजनाहरूमा समायोजन गरेको छ ।

आरआरएन समान उद्देश्य भएका, खासगरी अधिकारमूखी कार्यपद्दति अँगालेका र गरीबमूखी नीतिको वकालत गर्ने नेपाल र नेपाल बाहिरका नागरिक-समाजहरूसँग मिलेर काम गर्दछ । यो संस्था कैयन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालहरूमा सक्रियताका साथ संलग्न रहेको छ । हाल आरआरएनले गरिबी उन्मुलनका लागि दक्षिण एसिया मञ्च (SAAPE) र अति-कमविकसित राष्ट्रहरूको नागरिक निगरानी मञ्च (LDC Watch) का सचिवालयहरू समन्वय र संचालन गरिरहेको छ भने कर्पोरेट विश्वव्यापीकरण विरुद्ध समूह नेपाल, बँधुवा मजदुर सरोकार समूह, ऋण तथा विकाससम्बन्धी एशिया-प्रशान्त क्षेत्रीय आन्दोलन/जुबिली साउथ (APMDD-Jubilee South) आदिमा यसको सकृय संलग्नता रहेकोछ । यसका साथै आरआरएनले राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद (ECOSOC) को विशेष परामर्शदातृको हैसियत समेत प्राप्त गरेको छ । राष्ट्रिय स्तरमा आरआरएनले महिला तथा बालबालिका बेचबिखन विरुद्ध सञ्जाल (AATWIN) को सदस्य, बालबालिका शान्ति क्षेत्र अभियान (CZOP) को सदस्य, खाद्य अधिकारको लागि राष्ट्रिय सञ्जाल, नेपाल (RtFN) को सचिवालय तथा मानवअधिकार सन्धि अनुगमन संयोजन समति (HRTMCC) अन्तरगत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार (ESCR) उप-समितिको संयोजकको रूपमा समेत महत्वपूर्ण भूमिका निभाइरहेको छ । यसले विश्व सामाजिक विकास सम्मेलन (सन् १९९५ र २०००) र विश्व खाद्य सम्मेलन (सन् १९९६ र २००२) को नेपालको नागरिक समाजको राष्ट्रिय सचिवालयको रूपमा समेत काम गरिसकेको छ ।

### परिकल्पना

आरआरएन सम्पूर्ण नागरिकहरूका लागि न्याय, समानता, शान्ति र समृद्धियुक्त विश्वको परिकल्पना गर्दछ ।

### लक्ष्यः

आरआरएन ग्रामीण जनता, खासगरी गरीब, महिला, किसान, भूमिहीन र अन्य पाखा पारिएका र सामाजिक रूपमा उत्पीडित जनताको सामाजिक, आर्थिक र राजनीतिक सशक्तिकरणको माध्यमबाट न्यायपूर्ण, समतामूलक, शान्तिपूर्ण र समृद्ध समाजको निर्माणका लागि उपयुक्त वातावरण सृजना गर्नका लागि प्रतिबद्ध रहेको छ ।

### उद्देश्यहरू

- निमुखा, शोषित, सिमान्तीकृत र जोखिममा परेका ग्रामीण गरीबहरूको आर्थिक-सामाजिक स्तरमा सुधार ल्याउने
- समस्या समाधानतर्फ उन्मुख कार्यमूलक अनुसन्धानहरू संचालन गर्ने
- गरिबीका मूल कारणहरू, मानवअधिकारको उल्लङ्घन तथा विकाससम्बन्धी विभिन्न मुद्दाहरूमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा जनवकालत तथा अभियानहरू सञ्चालन गर्ने ।

### चारपत्रे अवधारणा

आरआरएनले ग्रामीण पुनर्निर्माणको चारपत्रे अवधारणा (Four-fold approach) लाई आफ्ना सम्पूर्ण विकास-निर्माण कार्यक्रमहरूका लागि आधार मान्दछ । यसअनुरुप निम्न चारप्रमुख पक्षहरूलाई विशेष जोड दिन्छ-

१. निरक्षरता र अशिक्षासँग जुझ्नका ***शिक्षा र सचेतना***
२. गरिबी र भोकसँग लड्नका ***जीविकोपार्जन***
३. रोगबाट बच्न र स्वास्थ्यको अधिकारको अभिबृद्धि गर्न ***स्वास्थ्य***
४. संस्थागत विकासको माध्यमबाट नागरिक नैराश्यतालाई हटाउदै आत्मनिर्भरतातर्फ अगाडि बढ्न ***स्वशासन***

ग्रामीण जनता जुनसुकै समाजको भएता पनि उनीहरू एक-आपसमा अल्झिएका चारवटा मुख्य समस्याहरू- अशिक्षा, गरिबी, रोग र नैराश्यताबाट ग्रसित हुन्छन् । ग्रामीण विकासका लागि यी चारवटामध्ये कुनै पनि एकको मात्र समाधान भएमा पुनर्निर्माण भएको मानिदैन । तसर्थ चारवटै समस्याविरुद्ध एकीकृत कार्यक्रम सञ्चालन गर्नुपर्दछ भन्ने आरआरएनको मान्यता रहेको छ ।

# बालबालिका शिक्षा कार्यक्रमः एक परिचय

## पृष्ठभूमिः

नेपालमा गरीब, विपन्न तथा पछाडि पारिएका जनसमुदायको जनसंख्या झण्डै ६० प्रतिशत रहेको छ। विकासका अधिकांश चरणहरूमा यीनै वर्गले व्यापक विभेदको सामना गर्दछन् । जबकि 'स्वीकृत' समूहहरू तथा समुदायले विकासका प्रतिफल उपभोग गर्दछन् । गरीब तथा विपन्न जातजातिहरूको समुदायको आधारभूत अधिकारमा समेत पहुँच वृद्धि हुन सकेको छैन । मुख्यतया यसमा आधारभूत शिक्षा पर्दछ । अधिकतर मानिसहरू विशेषगरी यस समूहका बालबालिकाहरू सानै उमेरदेखि विद्यालय जान सकिरहेका छैनन् । यसबाट उनीहरूको विकासमा विभिन्न तरिकाले कुप्रभाव पर्दछ। विद्यालय क्षेत्र सुधार (एसएसआर)का अनुसार यी समूहहरूका करिब १० प्रतिशत बालबालिकाहरू भौगोलिक, आर्थिक तथा सामाजिक कारणहरूबाट विद्यालय जान सकेका छैनन्। उनीहरू विद्यालय जान नसक्नुमा मुख्य कारण उनीहरू माथि व्याप्त भेदभाव र गरिबी नै हो। एक दशक लामो युद्धको ध्वंसात्मक परिणामका कारण नेपालको शिक्षा क्षेत्रले ठूलो चुनौतीहरूको सामना गरिसकेको छ। थुप्रै विद्यालयहरू तथा शैक्षिक संस्थाहरूको संरचनागत विकास हुन सकेन । बालबालिकाको शिक्षालाई मात्र प्रभाव पारेको होइन कि, यसले भय र चिन्ताको वातावरण पनि बनायो । परिणामस्वरूप दिगो शान्ति, सामुदायिक शान्ति, बालबालिका शान्ति क्षेत्र तथा विद्यालय शान्ति क्षेत्र जस्ता मानवअधिकारका आधारभूत प्रक्रियामा समेत अवरोध सिर्जना भइरह्यो ।

नेपाल सरकारले ५ देखि ९ वर्ष उमेर समूहका कक्षा १ देखि ५ सम्मको प्राथमिक तहका देशभरीका बालबालिकाको शैक्षिक अवसर सुनिश्चित गर्नका लागि कुनै लिङ्ग, जाति, आर्थिक अवस्था, क्षेत्र तथा भौलिकताको आधारमा भेदभाव नगरी निशुल्क तथा अनिवार्य शिक्षा लागू गर्ने प्रतिबद्धता जाहेर गरिसकेको छ। नेपालको अन्तरिम संविधान २०६३, २००७ देखि २०१० सम्मको त्रिवर्षीय अन्तरिम योजना र शिक्षा नियम तथा नियमावली २००६ ले सबैका लागि शिक्षा सम्बन्धी सहश्राव्दी विकास लक्ष्य तथा राष्ट्रिय लक्ष्य अनुरूप २०१५ सम्ममा विश्वव्यापी प्राथमिक शिक्षा हाँसिल गर्नका लागि उच्च प्राथमिकता दिएका छन्।

## समाधान गर्नुपर्ने विशेष समस्याहरू

सहश्राव्दी विकास लक्ष्यहरूमध्ये शिक्षा क्षेत्र विशेषतः विश्वव्यापी प्राथमिक शिक्षा हाँसिल गर्ने सम्बन्धी दोस्रो बुँदाको लक्ष्य हाँसिल गर्ने सम्बन्धमा नेपालले विभिन्न चुनौतीहरू सामना गरिरहेको छ। यसले २०१५ सम्ममा नेपाल लगायत जुनसुकै स्थानका बालबालिकाहरूले समान तथा पूर्ण रूपमा प्राथमिक शिक्षा पाउन सक्षम हुनेछन् भन्ने कुराको सुनिश्चितता प्रदान गर्दछ । यस सन्दर्भमा २००५ को भर्ना अभियानले भर्ना दर बढाएको भएता पनि यसबाट कक्षा कोठामा लागेको भीडले शिक्षाको स्तरीयतामा प्रभाव पारिरहेको छ । पर्याप्त तालिम तथा उत्प्रेरणाविना शिक्षकहरू नेपालको गुणस्तरीय शिक्षा अभिबृद्धिमा सघाउ पुऱ्याउन सक्दैनन् । विद्यालयको युनिफर्म, स्टेशनरी तथा परीक्षा शुल्कमा लाग्ने खर्च जुटाउन नसक्नु पनि थुप्रै बालबालिकाहरू प्राथमिक विद्यालयमा भर्ना हुनु नसक्नुको एउटा मुख्य कारण बन्ने गएको छ। यसरी विद्यालय भर्ना नहुने १० प्रतिशत बालबालिकाहरूको ठूलो संख्या ऐतिहासिक, भौगोलिक, आर्थिक तथा सामाजिक रूपमा बञ्चित, गरीब तथा विपन्न समुदायका रहेका छन् । हाल ३८ प्रतिशत हाम्रा प्राथमिक तहका शिक्षककहरूले तालिम पाएका छैनन् । तालिम प्राप्त शिक्षककहरू शहरी क्षेत्रका राम्रा विद्यालयहरूमा आकर्षित रहने हुँदा ग्रामीण क्षेत्रका अधिकांश शिक्षकहरू तालिम नपाएका र सीप नभएका छन् । विद्यार्थीहरूलाई विद्यालय नछोड्ने वातावरण बनाउने सम्बन्धमा सरकारले प्रयास गरिरहेता पनि नीति तथा कार्यक्रमको कार्यान्वयनको प्राभावकारितामा कमि रहेको छ।

सरकारले २००० भन्दा बढी विद्यालयहरूलाई समुदायमा हस्तान्तरण गरिसकेको छ । तर, यी विद्यालयहरूको समुचित अनुगमन हुन सकेको छैन । विद्यालयलाई समुदायमा हस्तान्तरण गर्ने नीतिले समुदायको विद्यालय प्रतिको स्वामित्वमा अभिबृद्धि गरेको भएता पनि सबैका लागि शिक्षा दस्ताबेजले समुदायलाई सशक्त बनाउने कुरामा जोड दिएको छैन । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (बिपिइपि) जस्ता बृहत कार्यक्रमहरूले विगतमा केन्द्रीय तहमा क्षमता बृद्धिमा जोड दिएकाले केन्द्रीय र स्थानीय स्तरको दूरी झन् बढेको देखिन्छ।

नेपालको ग्रामीण परिवेशमा शिक्षाको स्तर ज्यादै कमजोर रहेको छ । यसका साथै परम्परागत शिक्षण विधिको प्रयोग, प्रभावकारी सिकाई वातावरणको अभाव, अप्रशिक्षित शिक्षकहरू र कमजोर प्राविधिक व्यवस्थापनका कारण प्रभावकारी रूपमा शिक्षा दिने कार्यमा अवरोध उत्पन्न भैरहेकोछ । फलतः यसले ग्रामीण विकास प्रक्रियामा अवरोध गरिरहेको छ । र यसको प्रत्यक्ष नकारात्मक प्रभाव विपन्न, गरीब तथा पछाडि पारिएका सिमान्तीकृत समूहहरूमा परिरहेको छ। यसैको कारण उनीहरू शहरी क्षेत्र तथा देशका अन्य विकसित क्षेत्रहरूमा बसाइसराई गर्न बाध्य भएका छन् । परिणामतः कमजोर समुदायसँग विकास कार्यक्रमहरू सुरुवात गर्न र कार्यान्वयन गर्नका लागि स्थानीय स्रोत परिचालन गर्ने क्षमता रहँदैन। घुमिफिरी यी समस्याहरूले जनताहरूबीच असमानता ल्याउँछ जसले शान्ति प्रक्रियालाई टेवा दिन सक्दैन ।

# गरीब, विपन्न तथा जोखिममा परेका बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रम

**युरोपेली यूनियन (ईयु)**को आर्थिक सहायतामा **नेपाल ग्रामिण पुननिमार्ण सस्था (आरआरएन)**ले नेपालका मध्यका पहाडी र हिमाली जिल्लाहरू, दोलखा, सिन्धुपाल्चोक र रामेछापमा गरीब, विपन्न तथा जोखिममा परेका बालिबालिकाहरूका लागि शिक्षा पहुँच कार्यक्रम संचालनमा ल्याएको छ । आरआरएनको चार पत्रे कार्यक्रमको शिक्षा अर्न्तगत सबैका लागि शिक्षा तथा नेपाल सरकारको विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई टेवा पुऱ्याउने लक्ष्य लिएको यो कार्यक्रम उक्त जिल्लाहरूका ५, ५ गाविसहरूमा संचालित छ ।



*सरोकारवालाहरूसँग परियोजना परिचयात्मक कार्यक्रम (रामेछाप)*

गरीब, विपन्न तथा जोखिममा परेका बालबालिकाहरूलाई शिक्षामा पहुँच दिलाउने, ग्रामीण सामुदायिक विद्यालयहरूमा गुणस्तरीय शिक्षाका लागि शैक्षिक सुधार, विद्यालय व्यवस्थापनमा क्षमता अभिबृद्धि र समग्र स्थानीय नागरिक समाजका संगठन तथा विद्यालय समुदायको क्षमता, गुणस्तरीय शिक्षाका लागि प्रतिबद्धताका साथ शैक्षिक गतिविधिको सहभागितात्मक योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन तथा मुल्यांकन लगायतका क्रियाकलापहरू पर्दछन् । यो कार्यक्रमको साझेदारी स्थानीय संस्था 'चाइल्ड नेपाल' सँग रहेको छ । यसको समयावधि ४ वर्ष (मार्च २०१० देखि फेब्रुवरी २०१४) को रहेको छ ।

## परियोजनाको लक्ष्य

परियोजनाको मूल लक्ष्य भनेको सबभन्दा जोखिममा रहेका समुदाय तथा समूहहरूको समावेशी शिक्षामा 'पहुँचमा रहेको खाडल' लाई पुर्ने लक्ष्यलाई परिपूर्ति गर्ने कार्यमा योगदान पुऱ्याउनु रहेको छ ।

## उद्देश्यहरू प्राप्तिका रणनीतिहरू

- विद्यालय तथा स्थानीय समुदायस्तरमा गुणस्तरीय शिक्षा पहुँचको अभिवृद्धि
- विद्यालयका सेवा सुविधामा सुधार
- विद्यालय व्यवस्थापन तथा नागरिक संगठनको संस्थागत सुदृढीकरण
- गुणस्तरीय शिक्षाका लागि समुदायको प्रतिबद्दता बृद्धि
- सामुदायिक शान्ति स्थापना

## मुख्य क्रियाकलापहरू

उपरोक्त उद्देश्यहरू पूरा गर्न र ग्रामीण क्षेत्रका शिक्षाका समस्याहरूको न्यूनीकरण गर्न प्रारम्भिक बालविकास, अनौपचारिक शिक्षा, विद्यालय शिक्षामा पहुँच तथा विद्यालय शिक्षामा गुणस्तर कायम गराउन शैक्षिक सुधार सहयोग लगायत सामुदायिक स्रोत केन्द्र, विद्यालय व्यवस्थापनमा क्षमता अभिवृद्धि लगायत योजना निर्माण, कार्यन्वयन तथा अनुगमनमा नागरिक समाजका संस्थाहरूको सक्रिय सहभागिता र गुणस्तरीय शिक्षा लगायत सार्वजनिक विद्यालयहरूमा उन्नत शैक्षिक सुविधाहरू बढाउनु नै आदर्श तरिकाहरू हुन सक्तछन् भन्ने कुरा परियोजनाले निर्दिष्ट गरेको छ । खुलाद्वार नीतिले यस सामुदायिक स्रोत केन्द्रको पहुँचका लागि सम्पूर्ण जनसंख्यालाई अवसर दिएको छ । यसबाट विविध जनजाति तथा जातिहरूका बीच घुलमिल हुने र एकअर्कालाई बुझ्ने अवसर प्राप्त हुन्छ, जसले सामाजिक समावेशीकरण तथा समानतासम्बन्धी जनजागरण अभियान/कार्यक्रम सञ्चालनका लागि अवसर प्रदान गर्न सक्तछ । इन्टरनेट, टेलिभिजन र पुस्तकालयको साथमा दक्ष कर्मचारी जस्ता समुचित प्राविधिक पूर्वाधार उपलब्ध भएमा यस्ता केन्द्रहरूले शैक्षिक तथा सूचना स्रोत केन्द्रको भूमिका पनि निर्वाह गर्न सक्तछन् ।

यसर्थ यस परियोजनाले माथि उल्लेखित समस्याहरूलाई सम्बोधन गर्ने उद्देश्य लिएको छ । यसका लागि नागरिक समाजको सुशासन क्षमता र विद्यालयको व्यवस्थापन क्षमता सबलीकरण, ग्रामीण क्षेत्रका सार्वजनिक विद्यालयहरूमा शैक्षिक सुविधाहरूको अभिवृद्धि, सुविधाविहीन बालबालिकाहरूलाई सहयोग तथा माथि उल्लेखित समस्याहरूको मूल कारणहरूलाई सम्बोधन गर्नका लागि उनीहरूलाई साझा थलोमा ल्याउन मद्दत गर्नेछ ।

## लक्षित वर्ग तथा समूहहरू

यस कार्यक्रमका लक्षित समूहहरूमा विद्यालय जाने उमेर समूहका सुविधाविहीन बालबालिकाहरू विशेषतः तामाङ्ग, दलित र अन्य जनजाति परिवारका बालबालिका लगायत तीन जिल्लाका अन्य गरीब, विपन्न, सीमान्तीकृत तथा जोखिममा पर्नसक्ने समुदायका बालबालिकाहरू रहेका छन् ।

कार्यक्रम संचालन भएका रामेछाप, दोलखा र सिन्धुपाल्चोक जिल्लाहरू सामाजिक-आर्थिक, गरिबी र अभावका दृष्टिकोणले र समग्र विकास सूचकांकमा मध्यम तथा कम विकसित स्थितिमा रहेका छन् । यी जिल्लाहरूमा गरीब, विपन्न तथा जोखिममा परेका समूहहरूको जनसंख्या उल्लेख्य मात्रामा रहेको छ । यी जिल्लाहरू क्रमशः रामेछाप, दोलखा र सिन्धुपाल्चोकमा ६१.६२, ५५.५३ र ६५.८३ प्रतिशत विपन्न, गरीब तथा पछाडि पारिएका समूहहरू रहेका छन् । यस जनसंख्यामा तामाङ्ग जातिको जनसंख्या तुलनात्मक रूपमा बढी रहेकोछ । जसअनुसार सिन्धुपाल्चोकमा ५०.२० प्रतिशत, दोलखामा ३६.७७ प्रतिशत र रामेछापमा ३८.३५ प्रतिशत तमाङ रहेका छन् । उनीहरू अशिक्षित, सुविधाविहिन र सीमान्तकृत समूहभित्र पर्दछन् । गरीब, विपन्न तथा पछाडि पारिएका तामाङ, दलित लगायतको जनसंख्या हरेक जिल्लामा झण्डै आधा जति रहेको छ । यस समूहले सामना गरिरहेको जोखिमतालाई ध्यानमा राखी यस परियोजनाले २६,५०० जना विद्यालय जाने उमेरका बालबालिकाहरूलाई अनौपचारिक तथा औपचारिक विद्यालयहरू, गुणस्तरीय शिक्षा, विद्यालयहरूमा स्तरीय शैक्षिक सुविधाहरू र ६५,००० भन्दा बढी जनसंख्यामा सामुदायिक स्रोत केन्द्रहरूको व्यवस्थाका माध्यमबाट प्रत्यक्ष लाभ पुऱ्याउने लक्ष्य लिएको छ ।

## परियोजना कार्यक्षेत्र

दोलखा, रामेछाप र सिन्धुपाल्चोकका १५ बटा गाविसहरू

| जिल्ला | गविसहरू |
|---|---|
| दोलखा | गैरिमुदी, मिर्गे, भिर्कोट, झुले र ठुलोपातल |
| रामेछाप | दोरम्बा, टोकरपुर, गौश्वारा, फुलासी, र डडुवा |
| सिन्धुपाल्चोक | दुवाचौर, बांसखर्क, थांकपालकोट, बरुवा र थांकपालधाप |

## आशातित उपलब्धीहरू

यस परियोजनाले औपचारिक शिक्षामा कुनै पनि लैङ्गिक, जाति, धर्म, भौगोलिक स्थिति, आर्थिक अवस्था र भाषाका आधारमा भेदभाव नगरी सबैको पहुँचमा जोड दिनेछ । यद्यपि यसले जनसंख्याको सबैभन्दा बढी जोखिममा रहेका सुविधाविहीन क्षेत्रलाई केन्द्रित गरी स्थानीय सार्वजनिक विद्यालयहरूको प्रभावकारिता अभिबृद्धिका साथै बालमैत्री सिकाई वातावरण निर्माण गर्ने नीति लिएको छ । यसबाट विद्यालय भर्ना हुने, विद्यालय नछाड्ने, र सबै स्तरमा सिकाई उपलब्धीहरू हासिल हुनेछ । यस सँगसँगै विद्यालय व्यवस्थापन समिति (एसएमसि), अभिभावक तथा शिक्षक संगठन (पिटिए), अभिभावक, सामुदायिक संस्थाहरू, स्थानीय सरकारी अधिकारी (एलए)हरू र अन्य सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नाले शिक्षामा गुणस्तरीय तथा समावेशीकरणको अभिवृद्धिका सन्दर्भमा योजना, व्यवस्थापन र कामको अवलोकन तथा अनुगमन थप प्रभावकारी हुनेछ ।




विद्यालय बाहिर रहेका बालबालिका, १० देखि १४ वर्ष उमेर समूहका विद्यालय छाडेका बालबालिकाको साक्षरता आवश्यकतालाई पूरा गर्नका लागि अनौपचारिक शिक्षा तथा स्रोत केन्द्रहरूको सञ्चालन गरिने छ । जसबाट उनीहरूले औपचारिक कक्षामा (पुनः) प्रवेश पाएर पढाइलाई नियमितता दिन सक्नेछन् । यसले १० देखि १४ वर्ष उमेर समूहका विद्यालय जान नचाहने बालबालिका र समुदायमा सहयोग आवश्यक रहेका बयस्कहरूलाई पनि समेट्नेछ । यसबाट अर्ध-व्यवसायिक सीप पाउनका लागि आधारभूत साक्षरता आवश्यकता पूर्ति भएर सहयोग पुग्नेछ भने अर्कातिर उनीहरू दैनिक शैक्षिक आवश्यकतालाई पूरा गर्न सक्षम हुनेछन् । यसका साथै आर्थिक अवस्था सुधारका लागि उनीहरूले आयमूलक गतिविधिहरू पनि सञ्चालन गर्नेछन् । परियोजना चक्रको आरम्भमा आवश्यकता विश्लेषण, योजना तर्जुमा देखि अनुगमन/मूल्याङ्कनसम्म नै समुदाय, विद्यालय व्यवस्थापन समिति, सामुदायिक संघ-संस्थाहरू, सरकारी निकायहरू र अन्य सम्बन्धित स्थानीय सरोकारवालाहरू संलग्न हुनेछन्, जसबाट कार्यान्वयन गरिएको कार्यक्रममा समुदायको स्वामित्व स्थापित हुनेछ ।

**अपेक्षित परिणाम १: छात्रवृत्ति, बालविकास केन्द्रको प्रवर्द्धन, विद्यालयबाहिरका बालबालिका कार्यक्रम (अनौपचारिक शिक्षा) आदि प्रावधानहरू मार्फत विपन्न, गरीब तथा जोखिममा रहेका समूहका बालबालिकाहरूको शिक्षामा पहुँच बढ्ने ।**

### रणनीतिक क्रियाकलापहरू:

विपन्न, गरीब तथा जोखिममा रहेका समुदायका १२०० बालबालिका, खासगरी बालिकाहरूलाई उनीहरूको औपचारिक र गुणस्तरीय शिक्षामा पहुँचका लागि छात्रवृत्ति प्रदान गरिने । यस प्रावधान अन्तरगत बालबालिकाका लागि मुख्यतः शैक्षिक शुल्कका साथै विद्यालय पोशाक, पाठ्यपुस्तक, शैक्षिक सामग्री र झोला प्रदान गरिने छ ।



*सरोकारवालाहरूसँग परियोजना परिचयात्मक कार्यक्रम (दोलखा)*

सम्बन्धित सार्वजनिक विद्यालयहरूमा शैक्षिक रूपमा प्रभावकारी वातावरण निर्माण गरिनु पर्ने आवश्यकतालाई ध्यानमा राखी ३० वटा प्रारम्भिक बाल विकास केन्द्र (Early Childhood Development Centres-ECDC) संचालन तथा पुनर्स्थापना गरिने छ, जसबाट ३ देखि ५ वर्षसम्मका कम्तीमा २,७०० बालबालिकाले यो सेवा प्राप्त गर्नेछन् । यसले शैक्षिक वातावरणको सृजना गर्न सघाउ पुर्‍याउने छ, जसबाट प्राथमिक विद्यालयको विद्यार्थी भर्ना हुने र कायम रहने दरमा बृद्धिका लागि मुख्य तत्वको रूपमा आयआर्जनका क्रियाकलापहरूमा संलग्नताको सट्टा अध्ययनमा लाग्न उत्प्रेरित गर्दछ ।

विद्यालय छाडेका ११०० बालबालिकाहरूका लागि ४५ वटा विद्यालय बाहिरको कार्यक्रम (अनौपचारिक शिक्षा) संचालन गरिने छ । यसले उनीहरूलाई औपचारिक शिक्षासँग पुनर्एकिकरण गर्न सघाउ पुर्‍याउने छ अथवा, जो पढाइलाई जारी राख्न चाहदैनन्, उनीहरूले व्यवसायिक तालिम लिनेछन्, जसबाट उनीहरूले आधारभूत सीप र ज्ञान प्राप्त गर्नेछन् ।

**अपेक्षित परिणाम २: सिकाईका सुविधाहरूमा सुधार, सामुदायिक स्रोत केन्द्रको स्थापना, विद्यालय शिक्षकहरूलाई तालिम र अध्ययन भ्रमणको माध्यमबाट सुधारिएको तथा गुणस्तरीय शिक्षाको व्यवस्थापन गर्न सार्वजनिक विद्यालय र स्थानीय समुदाय सक्षम हुनेछन् ।**

### रणनीतिक क्रियाकलापहरू:

परियोजना जिल्लाका २५ वटा सार्वजनिक विद्यालयहरूमा शैक्षिक सुविधाहरूमा सुधार हुनेछ, जसमा प्रत्यक्ष रूपमा ८००० भन्दा बढी बालबालिकाहरू लाभान्वित हुनेछन्, जसअन्तरगत उन्नत प्रयोगशालासहित आधारभूत शैक्षिक सामग्री तथा मालसामानहरू समावेश हुनेछन् । यसले सुविधाविहीन बालबालिकाहरूका लागि राम्रो शैक्षिक वातावरण तथा गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्नेछ ।

कम्तीमा १५ सामुदायिक अध्ययन केन्द्रको स्थापना गरिनेछ, जसबाट विद्यालय जाने ६,००० बालबालिकाहरू र ४००० अभिभावकहरू, शिक्षकहरू र समुदायका सदस्यहरू लाभान्वित हुनेछन् । सामुदायिक अध्ययन केन्द्रले नवीनतम शैक्षिक सामग्रीहरू, कम्प्यूटर लगायतका सरसामानका साथै दुर्गम क्षेत्रका विद्यार्थीहरूका लागि सम्भव भएसम्म इन्टरनेटको सुविधा प्रदान गर्नेछ, जसबाट ती विद्यार्थीहरूको उन्नत शिक्षाका लागि योगदान पुग्दछ । यसरी नै सामुदायिक अध्ययन केन्द्र विद्यालय जाने विद्यार्थीहरूका अभिभावकहरूका लागि जीविकोपार्जन व्यवसाय संचालन गर्नका लागि उपयोगी स्रोत केन्द्र हुनेछ ।

सम्बन्धित सामुदायिक अध्ययन केन्द्रको सरहदभित्र अर्थात् गाविसस्तरीय क्षेत्रमा गुणस्तरीय शिक्षामा पहुँचसम्बन्धी कार्यसम्पादनको सामुदायिक अनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गरिनेछ ।

सुदृढ शैक्षिक वातावरण तथा गुणस्तरीय शिक्षातर्फ अघि बढ्नका लागि, कक्षाकोठा वातावरण र प्रयोगशालामा सुधार, खेलमैदान विस्तार वा सुदृढीकरण, स्वास्थ्य र सरसफाई आदि सहितका अतिरिक्त क्रियाकलापहरूको प्रवर्द्धनका लागि ३०० भन्दा बढी शिक्षकहरूलाई तालिम प्रदान गरिने छ ।

**अपेक्षित परिणाम ३: दुर्गम क्षेत्रहरूमा गुणस्तरीय शिक्षामा पहुँच र शान्ति स्थापनालाई प्रवर्द्धन गर्ने कार्यमा नागरिक समाजका संस्थाहरू, विद्यालय व्यवस्थापन समितिहरू, स्थानीय अधिकारीहरू र सम्बन्धित सरोकारवालाहरूको प्रतिवद्धता वृद्धि हुनेछ ।**

## रणनीतिक क्रियाकलापहरू:

सम्बन्धित समुदायमा गुणस्तरीय शिक्षासम्बन्धी योजना तथा रणनीति निर्माणका लागि समुदायमा आधारित संस्थाहरू र विद्यालय व्यवस्थापन समितिका १५० सदस्यहरू सदस्यहरूलाई तालिम प्रदान गरिने छ ।

समुदायका बालबालिकाहरूको लागि शिक्षा र विद्यालयको सुविधाहरूमा सुधार गर्नका लागि विद्यालय व्यवस्थापन समिति, समुदायमा आधारित संस्थाहरू र शिक्षकहरूको सहकार्यमा प्रभावकारी सामुदायिक अनुगमन प्रणालीको स्थापना गरिनेछ ।

विद्यालय व्यवस्थापनका विभिन्न तरिकाहरू, विशेषगरी देशका विभिन्न भागहरूमा कम मूल्यमा गुणस्तरीय शिक्षा प्रदान गर्न सफल मानिएका प्रयास तथा पहलहरूको बारेमा जानकारी हासिल गर्न विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, समुदायमा आधारित संस्थाका सदस्यहरू र स्थानीय अधिकारीहरू लगायत २७० जनाको लागि अवलोकन/अध्ययन भ्रमणको आयोजना गरिनेछ ।

विद्यालय जाने बालबालिकाहरूको बीचमा खेलकुदका ९ वटा प्रतियोगिताको आयोजना गरिने छ, जसले युवाहरूको बीचमा सद्भावको सृजना गरी शान्ति स्थापनाको सन्देशलाई प्रवर्द्धन गर्नेछ ।

# शैक्षिक क्षेत्रमा जनसमुदायको योगदान र सरकारी विद्यालयको कमजोर शैक्षिक गुणस्तर

- **रत्न कार्की**, कार्यक्रम निर्देशक, आरआरएन

नेपालको ग्रामीण भेगका जनसमुदायको शैक्षिक क्षेत्रको विकासमा महत्वपूर्ण योगदान रहेको छ । आफू चरम गरिबी र अनगिन्ती समस्यामा रुमल्लिरहँदा पनि समुदाय स्तरबाटै व्यापक रूपमा आफ्नै पहलमा विद्यालय खोल्ने, सरकारी दरबन्दीमा अपुग शिक्षकहरूलाई निजी स्रोतबाट तलब उपलब्ध गराउने जस्ता सामुदायिक पहलकदमीबाट बालबालिकालाई शिक्षामा पहुँच दिने कुरामा उल्लेख्य योगदान पुगेको छ ।

विगत १५-२० वर्षयता दुर्गम अनि ग्रामीण भेगमा पनि जनसमुदायले सार्वजनिक विद्यालय स्थापना गरी बालबालिकालाई शिक्षामा पहुंच पुर्‍याउने एउटा अभियान नै चलेको पाइन्छ । फलस्वरुप आज विद्यालय जाने बालबालिकाको संख्या ९५ प्रतिशत रहेको छ। हुन त हाल पनि सरकारको सबैभन्दा बढी बजेट शिक्षा क्षेत्रमा १७.२ प्रतिशत छुट्याएको छ । विगतमा पनि शिक्षामा सबैको पहुँचको लागि विभिन्न प्रयासहरू भएका छन् । जस्तै, आधारभूत प्राथमिक शिक्षा कार्यक्रम पहिलो, सबैको लागि शिक्षा कार्यक्रम (सहस्राब्दी विकास लक्ष्य) आदिले पनि व्यापक रूपमा विद्यालय पूर्वाधारको विकास र शैक्षिक सुधारको लागि योगदान त गरेकै छन् । तथापि नेपाल सरकारले आवश्यकताअनुरुप विद्यालयहरूको भौतिक पूर्वाधारका साथै आवश्यक शिक्षकको दरबन्दीको व्यवस्था गर्न सकेको छैन । जसले गर्दा विद्यालय भर्नादरमा बृद्धि भएको देखिएतापनि नेपालका गरीब तथा पछाडि पारिएका जनसमुदायका बालबालिकाहरूको गुणस्तरीय शिक्षामा पहुँच पुग्न सकेको छैन ।

तसर्थ सरकारको यत्रो ठूलो लगानी र जनसमुदायको उल्लेखनीय योगदानका बावजुद पनि ग्रामीण भेगका सरकारी विद्यालयहरूको शैक्षिक गुणस्तर सुध्रिनसकेको छैन । फलस्वरुप आज देशको सबभन्दा ठूलो संख्यामा रहेको ग्रामीण भेगका सरकारी विद्यालय र त्यसमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक गुणस्तर निजी विद्यालयहरूकोभन्दा कमजोर रहेको पाइएको छ । फलस्वरुप निजी र सहरी विद्यालयहरूको तुलनामा ग्रामीण सरकारी विद्यालयमा पढ्ने बालबालिकाहरू गुणस्तरीय शिक्षामा पहुँच नभएको कारण अदक्ष र प्रतिस्पर्धा गर्न नसक्ने जनशक्ति उत्पादन भइरहेको छ । जसले गर्दा हुनेखाने वर्गका अभिभावकहरूमा सकेसम्म आफ्ना बालबालिकालाई सहरमा महँगो निजी विद्यालयमा पढाउने होड नै चलेको छ । परिणमस्वरुप ग्रामीण सरकारी विद्यालयमा अध्ययन गर्ने बालबालिका शहरी नाफामूखी निजी विद्यालयमा अध्ययन गरेका बालबालिकासँग प्रतिस्पर्धा नै गर्न नसक्ने अवस्थाको सिर्जना हुन गई गाउँका गरीब किसान र श्रमिक वर्गका बालबालिकाहरू उच्च शिक्षा आर्जन र रोजगारीको अवसरबाट नीतिगत रूपमै बञ्चित हुने स्थिति कायम रहेको छ ।

सरकारी विद्यालयको शैक्षिक गुणस्तर निजी विद्यालयको तुलनामा कमजोर हुनुको मुख्य कारणहरूमा सरकारी संयन्त्रको फितलो व्यवस्थापन, अप्रभावकारी अनुगमन, शैक्षिक गुणस्तर सुधार कार्यक्रमको अभाव र विशेषगरी विद्यालय व्यवस्थापनमा गरीब तथा पछाडि पारिएका समुदायको पहुँच र नियन्त्रण नहुनुका साथै चरम राजनैतिक हस्तक्षेप आदि रहेका छन् । तसर्थ आज नेपालको ग्रामीण क्षेत्रमा सञ्चालित सरकारी विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न त्यससँग सम्बन्धित स्थानीय जनसमुदाय, सरकारी निकाय र विद्यालय व्यवस्थापन समिति आफैले शैक्षिक गुणस्तर सुधार गर्नका लागि आवश्यक पहलकदमीको सुरुवात गर्न ढिलो भइसकेको छ ।

शान्ति स्थापनामा युवाहरूको भूमिका शीर्षक अन्तरगत सांस्कृतिक कार्यक्रम, निबन्ध, कविता र गीत लेखनका २७ वटा प्रतियोगिताहरूको आयोजना गरिनेछ, जसमा विभिन्न विद्यालयका विद्यार्थीहरूले भाग लिनेछन् ।

दुर्गम ग्रामीण क्षेत्रहरूमा शैक्षिक कार्यक्रमको सुधारको काममा उनीहरूका क्रियाकलापहरूलाई केन्द्रित गराउनका लागि ९ वटा स्थानीय समुदायमा आधारित संस्थाहरूलाई क्षमता विकासको रूपमा सहयोग प्रदान गरिनेछ ।

## परियोजनाका साझेदार तथा सरोकारवालाहरू

यस परियोजनाका प्रमुख सरोकारवालाहरूमा लक्षित वर्ग तथा समूहहरू (विपन्न, गरीब र जोखिममा परेका समुदायका बालबालिकाहरू), सार्वजनिक विद्यालय र विद्यालय व्यवस्थापन समितिहरू, जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति तथा सम्बन्धित गाउँ विकास समितिहरू र स्थानीय नागरिक समाजका संस्थाहरू रहेका छन् ।

# राष्ट्रिय शिक्षानीति: एक विवेचना

**भानु पराजुली**, कार्यक्रम व्यवस्थापक, शिक्षा कार्यक्रम

शिक्षा नागरिकको नैसर्गिक अधिकार हो । बाल शिक्षा तथा विद्यालय शिक्षा आधारभूत मानवअधिकारभित्र पर्दछन् । बालबालिका राष्ट्रका मेरुदण्ड हुन् । उनीहरूलाई सचेत नागरिक बनाई राष्ट्रिय विकासको मूलधारमा ल्याउनु पर्ने दायित्व राज्यको हो । त्यसका लागि अवसर दिन आवश्यक छ । विद्यालय शिक्षा गुणस्तरीय, प्रतिस्पर्धी, भरपर्दो र उत्पादनमूलक भए मात्र जनजीविकाको व्यवहारिक शिक्षा मानिने हो । शिक्षा नीति र विकासका धेरै पाटामध्ये ऐतिहासिक पाटो केलाउन पनि उत्तिकै जरुरी छ ।

नेपालामा शिक्षा क्षेत्रको अवस्थाको बारेमा उल्लेख गर्दा सर्वप्रथम प्रजातन्त्रको उदयको पहिलो चरण २००७ सालमा नेपालको जनसंख्याको २ प्रतिशत जनता साक्षर रहेको कटु सत्य हाम्रो सामु भेटिन्छ । राणा शासनले आफ्ना भाइभारदारको शिक्षाको लागि एउट मात्र विद्यालय स्थापना गरेका थिए । जसमा आम नेपालीका छोराछोरीको पहुँच थिएन । खास गरेर नेपालको शिक्षा क्षेत्र राष्ट्रिय रूपमा शिक्षा नीति २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाबाट व्यवस्थित गर्न खोजिएको पाइन्छ । त्यसभन्दा अगाडिका नीतिहरू राष्ट्रिय रूपमै अगाडि आउन सकेका थिएनन् । २०३२ सालपछि मृत प्रायः रहेको सो नीति ०३६ सालपछिको राजनीतिक परिवर्तनसँगै ०३८ को विद्यालय पाठ्यक्रम सुधार, ०३९ को उच्च शिक्षा आयोग, ०४३ सालको विद्यालय पाठ्यक्रमको पुनःसुधार हुँदै हाम्रो शिक्षा व्यवस्था गुज्रन पुगेको इतिहास छ । तर तात्विक रूपमा विद्यालय शिक्षाबाट उत्पादित विद्यार्थीहरूको गुणस्तरमा बृद्धि गर्न सकिएको छैन । अंग्रेजी लेख्न र बोल्न जोड दिने निजी शैक्षिक संस्थाहरूको उत्पादनले खासै गुणस्तरियतामा ध्यान पुऱ्याउन सकेको पाइँदैन ।

०४६ को राजनीतिक परिवर्तनपछि लगत्तै गठन भएको राष्ट्रिय शिक्षा आयोगले ०४९ सालमा दिएको प्रतिवेदनबाट राम्रै नीतिको प्रक्षेपण हुने विश्वास गरिएको थियो । उक्त प्रतिवेदनका सुझावहरू कार्यान्वयनमा ल्याउनु त कता हो कता ०५१ सालदेखि नै सुरु भएको राजनीतिक खिचातानीबाट राज्य गुज्रिन थालेपछि शिक्षाका सवालमा ध्यान पुग्नै सकेन । ०५२ सालमा राष्ट्रिय शिक्षक सेवा आयोगले लिएको शिक्षक स्थायी परीक्षाको नतिजा ०५९ सालमा गएर निस्कनु, ०४९ सालको आयोगको प्रतिवेदन लागु नहुँदै ०५५ सालमा राष्ट्रिय उच्च शिक्षा आयोग गठन हुनु र तात्विक परिवर्तनविना प्रतिवेदन आउनुलाई उदाहरण मान्न सकिन्छ । राजनीतिक हिसाबले ०४९ को आयोग नेपाली कांग्रेसले आफु सत्तामा हुँदा बनाएको थियो भने ०५५ सालको आयोग एमालेले बनाएको थियो । यसरी शिक्षामा पार्टीगत राजनीति हावी भएकै कारण पञ्चायती शासन ढलेको २१ वर्षसम्म पनि जनताले भरपर्दो राष्ट्रिय शिक्षानीति पाएका छैनन् । यो बीचमा शिक्षा मन्त्रालयले शिक्षा ऐन २०२८ लाई सातौं संशोधन गर्दै प्रतिवेदनले सुझाएका शिक्षानीति अख्तियार गर्ने निर्णय गऱ्यो । शिक्षकहरूलाई कमसेकम विद्यालय समयभित्र राजनीति गर्न नपाउने, शिक्षकले कुनै पनि राजनीतिक दलको सदस्य हुन नहुने, ५ वर्षभित्र तालिम नलिएको शिक्षकले पेसा छाड्नु पर्ने, अध्यापन अनुमति-पत्र अनिवार्य गरिने जस्ता प्रावधान राखिएका थिए । विद्यालय शिक्षा गुणस्तरीय बनाउने यी मुद्दाहरूप्रति शिक्षक समुदाय रुष्ट भए र त्यो नीति लागू नगर्न शिक्षक संघ र संस्थाहरू ज्यान छाडेर लागे । विद्यालय शिक्षा भद्रगोल भयो, विद्यार्थी उत्पादनमा गुणस्तर खस्क्यो र त्यो अवस्था अझ नाजुक हुँदैछ । तालिम नपाएकाहरूलाई पनि विनापरिक्षा लाइसेन्स बाँड्ने, अस्थायीहरूलाई पनि लाइसेन्स बाँड्ने, क्षमताको पहिचानविनै शिक्षण सेवामा प्रवेश गर्नेहरूको स्थायित्व र पदोन्नति गरिदिने जस्ता कामहरू भए । समुदायले विद्यालय व्यवस्थापन जिम्मा लिँदा राम्रो अनुगमन हुने र शिक्षकहरू विद्यालय व्यवस्थापन समितिको मातहतमा रही काम गर्दा उनीहरूको जवाफदेहितामा बृद्धि हुने सरकारी नीति हो । यसको अपव्याख्या गर्दै शिक्षा मन्त्रालय आफ्नो दायित्वबाट पन्छिन खोजेको आरोप लागाउँदै शिक्षक भड्काउ आन्दोलन थालिएको यथार्थ सबैसामु प्रष्ट छ । यी सबका कारण नै आज विद्यालय शिक्षा जीर्ण भएको छ र शिक्षण पेशा जागिरे प्रवृतिपट्टि ढल्किएको छ । शिक्षाविदहरू भन्छन्, शिक्षामा राजनीतिको मात्रा ज्यदै बढेको छ जहाँ 'राम्रा' शिक्षकभन्दा पार्टीका 'हाम्रा' शिक्षक धेरै भएका छन् ।

तसर्थ शिक्षा नीतिले यस्ता विकृतिहरू उन्मूलन गर्न नसक्ने हो भने नेपालको शिक्षा नीति कागजको खोस्टो सावित हुनेछ । के अहिलेको केन्द्रीय सरकार र भोलि गठन हुने अन्य प्रादेशिक सरकारहरूले गुणस्तरीय शिक्षक, गुणस्तरीय शिक्षण, गुणस्तरीय नेपालको भविष्यलाई शिक्षा नीतिको मूल मार्गदर्शक सिद्धान्तको रूपमा अंगीकार गर्न सक्लान् ? शिक्षामा देखिएको पेचिलो अवस्था हो यो । शिक्षा प्रणालीमा प्रमुख स्थान शिक्षकको नै हुन्छ । हाम्रोजस्तो देशमा जहाँ विद्यार्थीले शिक्षक र पाठ्यपुस्तक बाहेक अन्य केही सहयोगी सामग्री वा औजार वा विद्युतिय माध्यममा पहुँच पाउन सक्दैनन्, त्यो देशका शिक्षक जिम्मेवार नभएसम्म शिक्षा व्यवस्थाले सही गति लिन सक्दैन भन्ने कुरा भुल्न मिल्दैन ।

शिक्षा नीति निर्माणमा राष्ट्रको शिक्षाप्रतिको दर्शनले ठूलो भूमिका खेलेको हुन्छ । अहिले विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत सरकारले आफ्नो कुरा राख्न खोजेको छ । यो कार्यक्रमीय सुधारसम्बन्धी शिक्षा विकासको

रूपमा देखिएको छ । यसका बारेमा पनि मत र बिमत देखिएका छन् । तथापि कार्यक्रमको कार्यन्वयन पक्ष सबल हुन सके निश्चयनै कार्यक्रमले राम्रै उपलब्धि हासिल गर्नसक्दछ । राज्य शिक्षामा कता उन्मुख छ भन्ने कुरा यसले बालबालिकाको शिक्षामा के गर्न खोजेको छ भन्ने कुराले ठूलो भूमिका खेल्दछ ।

शिक्षामा राज्यको निर्देशक सिद्धान्त आवश्यक रहन्छ । जसभित्र निम्न सवालहरूको सुनिश्चितता हुन जरुरी छ । जसमा कक्षा १ देखि १२ सम्म कुनै पनि बालबालिका शिक्षाबाट बन्चित नहुने सुनिश्चितता, विद्यालय प्रवेश गरिसकेपछि सबै तह पूरा नगरेसम्म प्रत्येकको शिक्षामा निरन्तरता, विद्यालयमा भर्ना भएर पढ्न नसक्ने, समय दिन नसक्ने, भौगोलिक विकटता या दूरीका कारणले विद्यालय शिक्षाबाट विमुख हुने बालबालिकालाई बैकल्पिक शिक्षाको व्यवस्था, प्रत्येक नागरिकलाई साक्षर हुने हक दिलाउने अवस्था, विद्यालय शिक्षा राज्यको दायित्वभित्र पार्दै निःशुल्क र गुणस्तरीय विद्यालय शिक्षाको सुरुवात, शिक्षामा राष्ट्रको कुल आयको यथोचित लगानी, शिक्षामा गुणस्तरको सुनिश्चितता, मातृभाषा पहिलो भाषा, राष्ट्रभाषा दोस्रो भाषा र अन्तराष्ट्रिय भाषा तेस्रो भाषाको नीति अवलम्बन, विद्यालय शिक्षालाई स्वास्थ्य र पोषणसँग आबद्ध गर्ने परम्परा र विद्यालय शिक्षा शान्ति क्षेत्र बनाउने दृढता व्यक्त गर्न जरुरी छ ।

यसका लागि राजनीतिक इच्छाशक्ति अत्यन्त जरुरी छ । राज्यले शिक्षाको मूल उद्देश्य, "सबै वर्ग, लिंग, क्षेत्र र जातिका बालबालिकालाई शिक्षाको माध्यमबाट समाजमा नाम, बजारमा काम र खल्तीमा दामको सुनिश्चितता" बनाउन सक्नुपर्छ । जसमा शिक्षाको सामाजिक पक्ष, व्यावसायिक पक्ष र आर्थिक पक्ष रहन्छन् । ठोस लक्ष्य लिएर शिक्षाको नीति निर्माण र कार्यान्वयनमा सबै सरोकारवालाहरूलाई समेट्नसके हाम्रो ग्रामीण विद्यालय शिक्षा गुणस्तरीय, प्रतिस्पर्धी, भरपर्दो र उत्पादनमूलक हुन सक्नेछ । हाल संचालित सरकारी विद्यालय क्षेत्र सुधार कार्यक्रमले पनि यस्तै प्रभावकारी कार्यक्रम कार्यन्वयन र सरोकारहरूको समन्वय तथा साझेदारीको सुस्पष्टता खोजेको छ ।

## परियोजना गतिविधि

# कर्मचारीहरूका लागि परियोजना संचालन अभिमूखिकरण

गत जेठ २८ गते युरोपेली यूनियनको सहयोगमा आरआरएनद्वारा संचालित विपन्न तथा गरीब बालबालिका लागि शिक्षा पहुँच कार्यक्रमको बारेमा कर्मचारीहरूलाई परियोजना संचालन तथा कार्यान्वयन बारेको एकदिने परियोजना अभिमूखीकरण सम्पन्न भएको छ । परियोजनाले निर्दिष्ठ गरेका उद्देश्यहरू पूरा गर्न कार्यक्रम कसरी गर्ने, योजना तर्जुमा, कार्यान्वयन प्रक्रिया लगायत युरोपियन यूनियनको कार्यक्रम र आर्थिक व्यवस्थापन नीति नियम लगायतका विषयमा छलफल भएको थियो । उक्त कार्यक्रममा आरआरएनका अध्यक्ष डा. अर्जुन कार्कीले शिक्षा क्षेत्रमा देखिएको नैराश्यता र विद्यालय व्यवस्थापन लगायत बञ्चितिमा परेका बालबालिकाहरूलाई उपयुक्त प्रक्रिया अपनाई कार्यक्रम कार्यन्वयन गर्नुपर्ने बताउनुभयो । साझेदार संस्था चाइल्ड नेपाल र आरआरएनका कर्मचारीहरूलाई कार्यक्रम गर्दा ध्यान दिनुपर्ने कुरा, लक्षित वर्गमा कार्यक्रम प्रभावकारी रूपमा संचालन गर्न निर्देशन दिनुभएको थियो । संस्थाका कार्यक्रम निर्देशक रत्न कार्कीले परियोजनाले लिएको उद्देश्य र नेपाल सरकारले ल्याएको विद्यालय क्षेत्र सुधार कार्यक्रमसँग तालमेल हुने गरी गरीब र विपन्न क्षेत्रका बालबालिकाको शिक्षामा पहुँच गराउने र सामुदायिक विद्यालयहरूको व्यवस्थापनमा गुणस्तरीय दिशामा लैजान सुधार लगायतका उद्देश्य परियोजनाले राखेको कुरा बताउनु भयो । कार्यक्रममा आरआरएनका कार्यक्रम व्यवस्थापक



*परियोजना कर्मचारीका लागि आयोजित अभिमूखीकरण कार्यक्रममका सहभागीहरू*

भानु पराजुली, प्रशासनका श्याम उपाध्याय, साझेदार संस्थाका अध्यक्ष कृष्ण सुवेदी तथा जिल्ला शिक्षा संयोजकहरू र लेखापालहरूको सहभागिता रहेको थियो ।

# जिल्ला परियोजना कार्यालयहरू स्थापना तथा सरोकारहरूसँग छलफल तथा भेटघाट

आरआरएनद्वारा संचालित विपन्न तथा गरीब बालबालिका लागि शिक्षा पहुँच कार्यक्रमका जिल्लास्थित कार्यालयहरू स्थापना भएका छन् । उक्त कार्यसँगै

कार्यक्रमका कर्मचारी, कार्यक्रम व्यवस्थापक, जिल्ला शिक्षा संयोजक लगायतको टोलीले जिल्लाका सरोकारवालाहरूसँग भेटघाट तथा छलफल गरेको थियो । जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू, स्थानीय विकास अधिकारीहरू, जिल्ला शिक्षा अधिकारीहरू, नागरिक संगठनका व्यक्तिहरू लगायत सरोकारवालाहरूसँग भएको भेटघाटमा शिक्षामा नयाँ कार्यक्रम ल्याएकोमा धन्यवाद दिँदै स्वागत गरेका थिए । कार्यक्रमलाई प्रभावकारी बनाउन र सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्नका लागि परियोजनाका जिल्ला कार्यक्रलयहरू निम्न स्थानमा स्थापना भएका छन् । दोलखा जिल्ला: चरिकोट बजार, रामेछाप जिल्ला: मन्थली बजार र सिन्धुपाल्चोक जिल्ला: मेलम्ची बजार ।

## जिल्लास्तरीय परियोजना परिचयात्मक गोष्ठिहरू सम्पन्न



*सरोकारवालाहरूसँग परियोजना परिचयात्मक कार्यक्रम (सिन्धुपाल्चोक)*

कार्यक्रम संचालन गर्नुपूर्व जिल्लास्तरीय परियोजना परिचय तथा कार्यान्वयन तौरतरिकाबारे एक एक दिने कार्यशाला गोष्ठिहरू सम्पन्न भएका छन् । उक्त गोष्ठिहरू रामेछापको मन्थली, दोलखाको चरिकोट र सिन्धुपाल्चोकको मेलम्चीमा सम्पन्न भएका छन् । कार्यक्रममा परियोजनाले लिएको उद्देश्य र नेपाल सरकारले ल्याएको विद्यालय क्षेत्र सुधार कार्यक्रमसँग तालमेल हुने गरी गरीब र विपन्न बालबालिकाको शिक्षामा पहुँच गराउने र सामुदायिक विद्यालयहरूको व्यवस्थापनमा गुणस्तरीय दिशामा लैजान सुधार लगायतका विषयमा प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारीहरू सहित सरकारी र गैरसरकारी क्षेत्रका शिक्षा सरोकारवालाहरूसँग छलफल भएको थियो ।

## परियोजनाका कर्मचारीका लागि सामाजिक परिचालन सम्बन्धी



*सामाजिक परिचालनसम्बन्धी तालिम (दोलखा)*

## क्षमता विकास तालिम सम्पन्न

विपन्न तथा गरीब बालबालिका लागि शिक्षा पहुँच कार्यक्रमका कर्मचारीहरूको क्षमता विकास तालिम गत भदौ ३० देखि असोज १ गतेसम्म दोलखाको चरिकोटमा सम्पन्न भएको छ । शिक्षामा सामाजिक परिचालन प्रभावकारी गर्न र कार्यक्रमलाई चुस्त पार्न यो तालिम आयोजना गरिएको थियो । जिल्ला शिक्षा अधिकारी र प्रतिनिधिले विद्यालय क्षेत्र सुधार कार्यक्रम र यस परियोजनाको समन्वय र प्रभावकारी सामाजिक परिचालन गर्ने विषयमा प्रशिक्षण दिएका थिए । उक्त कार्यक्रममा आरआरएनका कार्यक्रम निर्देशक रत्न कार्कीले सामाजिक परिचालनको अन्तर्वस्तु र सामुदायिक विद्यालय र विपन्न बालबालिकाका लागि गुणस्तरीय शिक्षा पहुँच विषयको परियोजनाले निर्दिष्ट गरेका विषयहरूमा प्रकाश पानुभएको थियो । तालिमा समाजलाई बुझ्ने, अध्ययन गर्ने र समस्या पहिचान गर्ने विधि र साधानका बारेमा चर्चा गरिएको थियो । सामाजिक नक्सा, स्रोत नक्सा, घटना विवरण तथा सफलताका केसहरू कसरी तयार पार्ने, समुदाय परिचालनमा अर्थ व्यवस्थापन लगायत लेखा र दस्तावेजीकरण कसरी गर्ने, परियोजनाका क्रियाकलापहरूलाई कसरी अभिलेखिकरण गर्ने लगायतका विषयमा परियोजना व्यवस्थापक भानु पराजुली, वित्त अधिकृत सुमन खत्री ले प्रशिक्षण दिएका थिए । उक्त कार्यक्रममा साझेदार संस्था चाइल्ड नेपालका अध्यक्ष कृष्ण सुवेदी र प्रारम्भिक बालविकास शिक्षा तथा प्राविधिक अधिकृत मन्जु बरालले बाल विकास, संरक्षण, शिक्षामा प्राविधिक विषयवस्तुहरू बारे प्रकास पार्नुभएको थियो ।

## गाविसस्तरीय परियोजना परिचय तथा गाउँ शिक्षा अनुगमन समितिहरू गठन

कार्यक्रम संचालन गर्ने सिलसिलामा लक्षित गाविसहरूमा कार्यक्रम बारे जानकारी र गाउँ शिक्षा अनुगमन समिति निर्माण गर्ने कार्य भएको छ । उक्त अवसरमा १५ गाविसहरूमा स्थानीय सरोकारवालाहरू, जिल्ला शिक्षा अन्तर्गतका विद्यालय स्रोत व्यक्तिहरू, गाविस सचिव, स्थानीय पार्टीहरूका प्रतिनिधि तथा विद्यालयका शिक्षक तथा व्यवस्थापन समितिका अध्यक्षहरू, बाल क्लब, महिला समूह लगायतका व्यक्तिहरूको सक्रिय सहभागिता रहेको थियो । गाउँको शिक्षामा गुणस्तरियता ल्याउन र बिद्यालय सुधारमा शिक्षा नीति अन्तर्गत रहेको प्रावधान अनुसार गाउँ शिक्षा अनुगमन समितिहरूको गठन गरिएको छ । सोही



*गाउँ शिक्षा अनुगमन समिति थांकपालधाप गाविस सिन्धुपाल्चोक*

समितिहरू मार्फत पछाडि तथा जोखिममा परेका बालबालिकाहरूको पहिचान तथा उनीहरूको सहयोगका लागि कार्यक्रमलाई प्रभावकारी बनाउन उक्त समितिहरूले काम गर्नेछन् । परियोजनाले लिएको उद्देश्य र नेपाल सरकारले ल्याएको विद्यालय क्षेत्र सुधार कार्यक्रमसँग तालमेल हुने गरी गरीब र विपन्न क्षेत्रका बालबालिकाको शिक्षामा पहुँच गराउने र सामुदायिक विद्यालयहरूको व्यवस्थापनमा गुणस्तरिय दिशामा लैजान सुधार लगायतका विषयमा समिति लगायत परियोजनाका कर्मचारी लाग्नुपर्ने कुरा ति गोष्ठिहरूमा छलफल भएको थियो ।

## प्रारम्भिक बालशिक्षाका लागि सहजकर्ता तालिम

युरोपियन युनियनको आर्थिक सहयोगमा आरआरएनद्धारा संचालित विपन्न, गरिब तथा पछाडि परेका बालबालिक(ाका लागि शिक्षा पहुँच कार्यक्रम अन्तर्गत बिद्यालयमा आधारित प्रारम्भिक बालबिकास केन्द्रका सहजाकर्ताहरूले सानासाना बालबालिकाहरूका लागि सरल, बालमैत्री कक्षा संचालन गर्ने उद्धेश्यले इसिडीसी सहजकर्ताको पहिलो चरणको तालिम दोलखाको



*प्रारम्भिक बालशिक्षाका लागि सहजकर्ता तालिमका सहभागीहरू*

चरिकोटमा सम्पन्न भएको छ । तीन जिल्ला दोलखा, रामेछाप र सिन्धुपाल्चोकका २० जना महिला सहजकर्ताहरूले तालिम प्राप्त गरेका छन् । उक्त तालिम साझेदार संस्था चाइल्ड नेपालका रत्न उप्रेती र दोलखाकी राम केशरी चर्माकारले प्रशिक्षण दिनुभएको थियो । उक्त तालिमको अनुगमन तथा निर्देशन परियोजनाका प्राविधिक अधिकृत मन्जु बराल र दोलखा जिल्ला संयोजक टंक उप्रतीले गर्नुभएको थियो । यस तालिमबाट प्रारम्भिक बालबिकास केन्द्रमा स्थानीय स्रोत र साधनबाट बाल सिकाईका शैक्षिक सामग्री तथा खेल सामग्री तयार गर्न सिकाइएको थियो भने बाल मैत्री शिक्षाको राष्ट्रिय र अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम सिकाईमा दक्ष बनाउने प्रयास भएको थियो । उक्त तालिम प्राप्त सहजकर्ताबाट तीन जिल्लाका १५ वटा प्रारम्भिक बालविकास केन्द्रहरूमा बालशिक्षा कक्षा संचालन भएका छन् ।

## वार्षिक कार्यक्रम योजना तर्जुमा तथा समाज कल्याणबाट स्वीकृति

४ वर्षका लागि संचालन भएको बालबालिका शिक्षा कार्यक्रमको एक वर्षे कार्यक्रम तर्जुमा गरिएको छ । कार्यक्रमका क्रियाकलाप सहित तीन जिल्लाका लागि अनुमानित बजेट बाँडफाँड भएको छ भने नेपाल सरकारको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय अर्न्तगत समाज कल्याण परिषद्बाट एक बर्षे कार्यक्रम दस्तावेज सहित पेश भई कार्यक्रम संचालन गर्न गत २०६७ असार ९ गते स्वीकृति प्रदानपत्र प्राप्त भई कार्यक्रम सूचारु भएको छ ।

## आधारभूत तथ्याङ्क सर्वेक्षण

परियोजनाको कार्यलाई कार्यन्वयन तथा कार्यक्रमको प्रभाव मूल्यांकन गर्नका लागि आधारभूत सर्वेक्षण (बेसलाइन अध्ययन) गर्ने कार्य जारी रहेको छ । स्रोत व्यक्तिको छनौट र सर्वेक्षणको डिजाइन गर्ने कार्य भइरहेको छ । आगामी कार्तिक-मंसीरसम्ममा यो अध्ययन सम्पन्न गर्ने योजना रहेको कुरा कार्यक्रम व्यवस्थापक भानु पराजुलीले बताउनुभयो ।

## प्रकाशकीय

युरोपियन यूनियनको आर्थिक सहायतामा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)द्वारा मध्यमाञ्चलका दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लामा संचालित 'विपन्न गरीब तथा जोखिममा परेका बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रम' र यस अन्तर्गत सञ्चालन भएका विभिन्न क्रियाकलापहरूका बारेमा सम्बन्धित सरोकारवालाहरू, सरकारी निकायहरू, गैरसरकारी संघसंस्थाहरू, राजनैतिक दलहरू, सामुदायिक संघसंस्थाहरू तथा ग्रामीण समुदायमा जानकारी गराउने उद्देश्यले प्रकाशित 'शिक्षा पहुँच' नामक अर्धवार्षिक बुलेटिनको पहिलो अङ्क यहाँहरूको हातमा छ । यस बुलेटिनमार्फत् आरआरएनले दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाहरूमा सञ्चालित बालबालिक शिक्षा कार्यक्रम लगायत अन्य सम्बन्धित कार्यक्रमहरूका गतिविधिसम्बन्धी संक्षिप्त समाचारका साथै अन्य उपयोगी र जानकारीमूलक सामग्रीहरू पनि नियमित रूपमा प्रकाशन गर्ने उद्देश्य राखेको छ ।

यस बुलेटिनलाई पठनीय र जानकारीमूलक बनाउनका लागि हामी तपाईहरूबाट निरन्तर सुझाव, सल्लाह र सृजनात्मक आलोचनाको अपेक्षा राख्दछौं । यसका साथै आगामी अङ्कको लागि आफ्ना अमूल्य लेख, रचना तथा सुझावहरू पठाई बुलेटिन प्रकाशनमा सहयोग गरिदिन हुन समेत यहाँहरू सबैमा हार्दिक अनुरोध गर्दछौ ।

---

**बालबालिकाका लागि शिक्षा पहुँच कार्यक्रमका लागि**
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा प्रकाशित**

**सम्पर्क ठेगानाः**
**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
पो.ब.नं. ८१३०, २८८ गैरीधारा, काठमाडौं, नेपाल ।
फोनः ४००४९७६, ४४००४९८५, फ्याक्सः ४००४५०८, ४४४३४९४
इमेलः rrn@rrn.org.np वेबसाइटः www.rrn.org.np